# शिक्षित बेरोजगारको चपेटामा मुलुक



सागर घले

शिक्षित बेरोजगारीको समस्या समाधान गर्न बहुआयामिक दृष्टिकोण चाहिन्छ। पहिलो, सीपमा आधारित तालिम र व्यावहारिक अनुभवमा बढी ध्यान केन्द्रित गर्न शिक्षा प्रणालीमा सुधार गर्नु महत्त्वपूर्ण छ। व्यावसायिक तालिम, प्राविधिक शिक्षा र डिजिटल साक्षरतामा जोड दिनुपर्छ, जुन क्षेत्रहरू आधुनिक रोजगार बजारमा बढ्दो सान्दर्भिक छन्।

चर्चित चलचित्र निर्देशक तथा कवि उपेन्द्र सुब्बाले आफ्नो एउटा कवितामा लेखेका थिए ' बाबुले दुःख पाए नपढेर, मैले दुःख पाएँ पढेर' ठ्याक्कै यही शेरलाई मेल खाने परिस्थिति सिर्जना भएको छ हाम्रो समाज र देश। उच्च शिक्षा हासिल गरेपश्चात् आत्मनिर्भर बन्छु, रोजगारी बन्छु, पैसा कमाउँछु साथ साथै परिवारको आर्थिकलाई बलियो बनाउँछु भन्ने धारणा वर्तमान अवस्थामा हामी नेपालीका लागि भ्रममा परिमार्जन हुन थालेको छ।

देश यतिबेला अराजकताको भूमरीमा फसेको छ, युवा पलायन दैनिकको संख्यामा उकालो लाग्दै छ, कर्मचारीतन्त्र हावी हुँदै गएको छ, भ्रष्टाचार मौलाएको छ, राजनीतिक उथलपुथल जारी छ, अर्थतन्त्रलाई कुपोषणले छोएको छ साथसाथै हाम्रो शिक्षा प्रणालीले शिक्षालाई रोजगारसँग जोड्न सकेन आदि इत्यादि अहिले नेपालको विभिन्न पत्रपत्रिका, चियाअड्डा, पोड्काष्टदेखि सामाजिक सञ्जालको भित्तामा यी दुःखेसोहरू दिनदिनै पढिरहेका छौं, सुनिरहेका छौं अनि भोगिरहेका पनि छौं।

१२ कक्षा सकेर विदेश पढन जाने कुरा त अहिले सामन्य बनिसकेको छ तर ब्याचलर र माष्टर जस्तो उच्च शिक्षा हासिल गरी कुनै पनि रोजगारका लागि सक्षम बनिसकेको विद्यार्थी वर्ग पालैपालो देश छाड्दै गर्नुभनेको अत्यन्तै गम्भीर विषय हो। यो स्थितिले देशको अर्थतन्त्रलाई कुपोषणतिर धकेल्दै छ भन्ने कुरा हाम्रा सरोकारवालालाई थाहा नभएको भने होइन। युवा वर्ग विदेशिनु भनेको देशमा रेमिट्यान्स भित्रनु हो रेमिट्यान्स भित्रनु भनेको देशको अर्थतन्त्र अब्बल हुन हो भन्ने रूढीवादी सोचमा अझै सरकार अड्किएको छ।

आर्थिक वर्ष २०८०/८१ मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट एक लाख १२ हजार ५९३ जनाले विदेश अध्ययनका लागि नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिएका छन्। मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तथ्यांक अनुसार अघिल्लो आर्थिक वर्षमा यो संख्या एक लाख १० हजार २१७ थियो। विश्वलाई नै आतंकित बनाएको कोरोना भाइरस (कोभिड-१९) महामारीका कारण सन २०२०/२१ मा संख्या २७ हजार ९०० र २०७६/७७ मा ३४ हजार ९६ मा झरेको भए पनि त्यसयता क्रम बढ्दै गएको छ। सन् २०१८/१९ मा यो संख्या ६३९५ थियो। हाल दैनिक ५०० विद्यार्थीले एनओसी लिन्छन्। यस तथ्यांकका आधारमा वार्षिक एक लाखभन्दा बढी विद्यार्थी अध्ययनका लागि विदेश जाने गरेको अनुमान छ।

नेपालमा शिक्षित बेरोजगारीको सामाजिक प्रभाव गहिरिँदै गएको यसै तथ्यांक साक्षी छ। बेरोजगार भएका शिक्षित युवाहरूको संख्या बढ्दो छ। औपचारिक शिक्षा प्राप्त गर्ने युवाहरूको बढ्दो संख्याको बाबजुद श्रम बजारले उनीहरूलाई समायोजन गर्न असमर्थ रहेको पाइन्छ। जसले गर्दा युवाहरूमा निराशा र युवा पलायन निम्त्याइरहेको छ।

नेपालमा शिक्षित बेरोजगारी तथ्यांकमात्र होइन यो एक महत्त्वपूर्ण मुद्दा हो जसले सम्पूर्ण पुस्ताको भविष्यलाई असर गर्छ। देशले शिक्षामा उल्लेखनीय फड्को मारेको भए तापनि अबको चुनौती शिक्षालाई रोजगारसँग जोड्न नसक्नु हो भन्ने स्पष्ट छ। यदि नेपालले शिक्षा, रोजगारीबीचको खाडललाई कम गर्नसक्छ भने, यसले आफ्ना शिक्षित युवाहरूको आत्मनिर्भर, आर्थिक वृद्धि र सामाजिक परिवर्तनको क्षमतालाई उपयोग गर्नसक्छ।

उच्च शिक्षा हासिल गरेको युवा पनि बेरोजगारी हुनुपर्ने परिस्थिति सिर्जना हुनुको एक प्रमुख कारक स्नातकहरूले प्राप्त गर्ने सीपहरू र श्रम बजारमा मागमा रहेका सीपबीचको मिसम्याचलाई लिन सकिन्छ। द्रुत रूपमा विकसित विश्वव्यापी अर्थतन्त्रमा नेपालको शैक्षिक प्रणाली जुन अझै धेरै हदसम्म परम्परागत छ। विद्यार्थीहरूलाई व्यावहारिक ज्ञानभन्दा किताबी ज्ञानलाई प्राथमिकता दिने परम्परागत चलन अझै हाम्रो शिक्षा प्रणालीमा अल्झिएको छ। नेपालको शैक्षिक प्रणालीले व्यावहारिक सीप वा व्यावसायिक तालिमभन्दा शैक्षिक योग्यतालाई प्राथमिकता दिन्छ। फलस्वरूप, धेरै स्नातकसँग प्राविधिक विशेषज्ञता वा रोजगारदातालाई आवश्यक पर्ने अनुभवको अभाव हुन्छ। यसले शिक्षा र रोजगारीको बीचमा ठूलो खाडल निम्त्याएको छ।

नेपालमा मनसुनको खेती भनसुनको जागिर भनेजस्तै परिस्थिति सिर्जना भएको छ। राम्रोलाई भन्दा हाम्रोलाई प्राथमिकता दिने, दक्षता नहेरी नातागोता अनुसार जागिरमा लगाउने, पदिय दुरुपयोग गरी आफ्नो नजिकको नाता पर्ने जो कोहीलाई पनि छान्ने प्रक्रियाले आज सामान्य नागरिक डिग्रीसहित बेरोजगारको सिकार भएका छन्। वर्षौं लगाएर हासिल गरेको शिक्षाले पनि काम नपाएको निराशासँगै युवाहरू यी अनुभूति लिएर वैदेशिक रोजगारीका लागि देश छोड्न आतुर छन्। काठमाडौं विश्वविद्यालयको एक अध्ययन अनुसार नेपालमा धेरै युवाहरूले रोजगारीको अवसर नहुँदा असुरक्षा र चिन्ताको अनुभव गर्ने गरेको पाइएको छ।

नेपाली युवाले देश छाड्नुको मुख्य कारण भनेको राम्रो रोजगारी, आर्थिक स्थायित्वको खोजी नै हो। बलियो अर्थतन्त्र, थप रोजगारीका अवसर भएका देशमा जाँदा उनीहरूले स्थिर रोजगारी खोज्ने, उच्च आयआर्जन गर्ने सम्भावना हुन्छ। राम्रो भविष्यको आकांक्षाले उनीहरूलाई विदेशी भूमिमा अवसर खोज्न प्रेरित गर्छ। स्वदेशभित्र काम नहुनु, भए पनि नातावाद, कृपावादले गर्दा आफ्नो क्षमता र योग्यताको कदर नहुनु, वृत्ति विकासका अवसर निकै कम हुनुजस्ता कारणले गर्दा पनि नेपाली युवा विदेश पलायन भइरहेका छन्। धेरै युवा व्यावसायिक विकास, सीप वृद्धि र नयाँ अनुभवका लागि पनि विदेश जान्छन्।

यसबाहेक, शिक्षित बेरोजगारीले सामाजिक असमानतालाई बढाइरहेको छ। सहरमा बस्ने शिक्षित युवाहरूले बेरोजगारीसँग संघर्ष गरिरहेका छन् भने ग्रामीण भेगका युवाहरू गरिबीको चक्रलाई निरन्तरता दिने गुणस्तरीय शिक्षा, डिजिटल स्रोत र रोजगारीका अवसरमा सीमित पहुँच जस्ता अतिरिक्त बाधाहरूसँग सामना गरिरहेको पाइन्छ। अन्य बाहिरी देशमा हेर्ने हो भने उद्यमशील बन्छु, कृषि गर्छु भन्ने युवा तथा विद्यार्थीहरूलाई सरकारले जमिन उपलब्ध गराउनुका साथै सहुलियतपूर्ण ब्याजदरमा कर्जासमेत उपलब्ध गराइदिन्छ। त्यतिमात्र होइन, ट्याक्समा पनि विशेष छुट दिइन्छ। तर, विडम्बना कृषिप्रधान देश मानिएको नेपालमा अहिलेसम्म सरकारले संघीय कृषि ऐन पारित गर्नसमेत हिचकिचाइरहेको छ।

नेपालमा शिक्षित बेरोजगारीको समस्या समाधान गर्न बहुआयामिक दृष्टिकोण चाहिन्छ। पहिलो, सीपमा आधारित तालिम र व्यावहारिक अनुभवमा बढी ध्यान केन्द्रित गर्न शिक्षा प्रणालीमा सुधार गर्नु महत्त्वपूर्ण छ। व्यावसायिक तालिम, प्राविधिक शिक्षा र डिजिटल साक्षरतामा जोड दिनुपर्छ, जुन क्षेत्रहरू आधुनिक रोजगार बजारमा बढ्दो सान्दर्भिक छन्। दोस्रो, अर्थतन्त्रको आवश्यकता अनुरूप रोजगारीका अवसरहरू सिर्जना गर्न सरकार, निजी क्षेत्रले अझ नजिकबाट सहकार्य गर्नुपर्छ। यसमा टेक्नोलोजी, नवीकरणीय ऊर्जा र पर्यटन जस्ता क्षेत्रलाई प्रवर्द्धन गर्नुपर्छ। नेपालले आन्तरिक रूपमा आकर्षक रोजगारीका अवसर सिर्जना गरेर आफ्नो आप्रवासन समस्यालाई सम्बोधन गर्नुपर्छ।

वैदेशिक रोजगार धेरैका लागि जीवनरेखा भएको भए तापनि दिगो राष्ट्रिय विकासका लागि शिक्षित युवालाई देशमा बसेर काम गर्ने वातावरण बनाउन महत्त्वपूर्ण देखिन्छ।

सरकारले युवाहरूका लागि थप रोजगारीका अवसरहरू सिर्जना गर्न सरकारी र निजी क्षेत्रहरूले प्रविधि, नवीकरणीय ऊर्जा, पर्यटन र स्वास्थ्य सेवा जस्ता उदीयमान क्षेत्रहरूमा रोजगारी सिर्जनामा ध्यान केन्द्रित गर्नुपर्छ। सार्वजनिक-निजी साझेदारीको सहजीकरण र पूर्वाधार सुधारले लाखौं रोजगारी सिर्जना गर्नसक्छ।

नीतिगत स्तरमा सरकारले शिक्षित बेरोजगारीलाई सम्बोधन गर्न महत्त्वपूर्ण भूमिका खेल्नुपर्छ। रोजगारी सृजनालाई प्रवर्द्धन गर्ने, साना तथा मझौला उद्यमहरूलाई समर्थन गर्ने र शिक्षित व्यक्तिहरूलाई काममा लगाउन उद्योगहरूलाई प्रोत्साहन गर्ने नीतिहरू कार्यान्वयन गर्दा बेरोजगारीको बोझ कम गर्न मद्दत गर्न सक्छ। थप रूपमा, प्रविधि, नवीकरणीय ऊर्जा र पर्यटन जस्ता विकास र रोजगारी सिर्जनाको उच्च सम्भावना भएका क्षेत्रमा लगानी गर्दा शिक्षित जनशक्तिका लागि रोजगारीका नयाँ बाटोहरू खोल्न सकिन्छ।

नेपालमा शिक्षित बेरोजगारीलाई सम्बोधन गर्न शैक्षिक संस्थाहरू, सरकार र व्यक्तिहरू आफैंबाट एकजुट प्रयास आवश्यक छ। उद्यमशीलताको संस्कृतिलाई बढावा दिएर, शिक्षालाई उद्योगको आवश्यकतासँग मिलाएर, सहयोगी नीतिहरू लागू गरेर, करियर मार्गदर्शन सेवा बढाएर, शिक्षित बेरोजगारीको समस्यालाई प्रभावकारी रूपमा नियन्त्रण गर्न सकिन्छ र थप समृद्धिका लागि मार्ग प्रशस्त गर्न सकिन्छ।

केही देशहरूले अनुसन्धान र विकास क्षेत्रमा ठूलो लगानी गर्न नवप्रवर्तन चलाउन र उच्च-दक्ष रोजगारीका अवसर सिर्जना गर्छन्। प्रविधि, स्वास्थ्य सेवा, र नवीकरणीय ऊर्जा जस्ता उद्योगलाई समर्थन गरेर, यी राष्ट्रहरूले उनीहरूको शिक्षित कार्यबलको क्षमताको दोहन गर्ने र उन्नत शिक्षा आवश्यक पर्ने विशेष भूमिका सिर्जना गरेर बेरोजगारीलाई सम्बोधन गर्ने लक्ष्य राख्छन्।

जर्मनीमा एक सफल व्यावसायिक शिक्षा र प्रशिक्षण प्रणाली छ, जसलाई 'दोहोरो प्रणाली' भनिन्छ, जसले कक्षाकोठा शिक्षालाई कार्यस्थलमा ह्यान्ड्स-अन प्रशिक्षणसँग जोड्दछ। यस प्रणालीले विद्यार्थीहरूलाई अध्ययन गर्दा व्यावहारिक सीप प्राप्त गर्ने, उनीहरूलाई विभिन्न उद्योगहरूमा उच्च रोजगारी बनएको पाइन्छ। नेपालले व्यावसायिक शिक्षालाई सुदृढ गर्दै र उद्योग साझेदारी प्रवर्द्धन गरी यस्तै पहल अपनाउन पर्ने देखिन्छ। सिंगापुरले आफ्नो 'स्किल फ्युचर' कार्यक्रममार्फत आजीवन सिकाइ र सीपको स्तरोन्नतिमा ध्यान केन्द्रित गरेको पाइन्छ, जसले नागरिकलाई प्रशिक्षण र सीप विकासका लागि अनुदान प्रदान गर्दछ। यस पहलले कामदारले बजारको बदलिँदो मागअनुरूप आफ्ना सीप निरन्तर विकास गर्न सुनिश्चित गर्न मद्दत गर्छ। दक्षिण कोरियाले उच्च दक्ष जनशक्ति सिर्जना गर्न प्रविधि र नवीनतामा ठूलो लगानी गरेको छ। आइटी, इलेक्ट्रोनिक्स र इन्जिनियरिङ क्षेत्रहरूमा ध्यान केन्द्रित गरेर, उनीहरू आफ्नो शिक्षित युवाहरूका लागि रोजगारी सिर्जना गर्न सक्षम भएको छ। नेपालले सूचना प्रविधि, नवीकरणीय ऊर्जा र जैविक प्रविधि जस्ता क्षेत्रलाई प्रवर्द्धन गरेर त्यसलाई पछ्याउन सक्नुपर्छ।

त्यस्तै, छिमेकी मुलुक भारत पनि शैक्षिक बेरोजगारबाट अछुतो छैन भन्न सकिन्न यसै कुरालाई मध्यनजर गर्दै लाखौं युवालाई व्यावसायिक सीपमा प्रशिक्षित गर्न र शिक्षा र रोजगारीबीचको खाडललाई कम गर्न राष्ट्रिय सीप विकास मिशन सुरु गरेको छ।

अन्त्यमा शिक्षित बेरोजगारी नेपालको लागि अध्यन नपुगेको क्षेत्र हो भन्न सकिन्छ। हाम्रो सरकार युवा पलायन र रेमिट्यान्सको ग्राफ हेरेर मक्ख परेर बसेको छ। अबको बाटो भनेको नेपाली बजारको मागसँग तालमेल मिलाउन शिक्षा प्रणालीमा सुधार गरेर, सीप विकासलाई प्रवर्द्धन गरेर, सार्वजनिक-निजी साझेदारीमार्फत रोजगारी सिर्जना गरी नेपालले यो समस्या समाधान गर्नसक्छ। जर्मनी, सिंगापुर, दक्षिण कोरिया र भारत जस्ता अन्तर्राष्ट्रिय उदाहरणबाट सिकेर अन्य राष्ट्रले कसरी शिक्षित बेरोजगारीको चुनौतीलाई प्रभावकारी रूपमा सामना गरेका छन् भन्ने कुरालाई उदाहरण बनाएर हामी अघि बढ्नुपर्छ।

**(लेखक घले ललितपुरको सानेपास्थित नेसनल ल कलेजमा बिएएलएलबीमा अध्ययनरत हुनुहुन्छ।)**

# 'वाटर कलर ओडिसी' प्रदर्शनीमा चालिस कलाकृति

**काठमाडौं/हिटा।** नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान र सिद्धार्थ आर्ट ग्यालरीको संयुक्त आयोजनामा 'वाटर कलर ओडिसी' प्रदर्शनी आरम्भ भएको छ। प्रदर्शनीको नेपालका लागि चिनियाँ राजदूत चेङ सोङले सुभारम्भ गर्नुभएको हो। बंगलादेश, चीन र नेपाललाई भौगोलिक रूपमा मात्र नभई कला र सांस्कृतिक सम्बन्धले थप नजिक बनाएको उहाँले बताउनुभयो। उहाँले प्रदर्शनीले पारस्परिक सम्बन्ध प्रगाढ बढाउन थप सहयोग गर्ने धारणा राख्नुभयो।

प्रतिष्ठानका उपकुलपति लालकाजी लामाले कला, विश्व भाषा तथा संस्कृतिबीचको सेतु




भएको बताउँदै यसले विश्वलाई एकै मालामा उन्ने धारणा राख्नुभयो। उहाँले प्रदर्शनीले तीन देशबीचको सांस्कृतिक आदानप्रदान तथा आपसी भाइचारा अभिवृद्धि गर्न थप टेवा पुऱ्याउने जिकिर गर्नुभयो।

नेपाल पर्यटन बोर्डका निर्देशक नन्दनी थापाले प्रदर्शनीमा दक्षिण एसियाको पुरातात्त्विक सांस्कृतिक सौन्दर्य कलामार्फत झल्केको बताउनुभयो। प्रतिष्ठानका प्राज्ञ सभा सदस्य तथा प्रदर्शनीका चिफ क्युरेटर प्रदीप शाक्यले प्रदर्शनीलाई नेपाल, चीन र बंगलादेश त्रिकोणात्मक सम्बन्धलाई एक डाइमन्ड जोनसँग तुलना गर्नुभयो। उहाँले यस्ता प्रदर्शनीले कुशल जल रङकर्मी जन्माउन सहयोग गर्ने बताउनुभयो। फागुन १० गतेसम्म चल्ने प्रदर्शनीमा चालिस कलाकृति राखिएका छन्।

# साहित्यकार श्रेष्ठको २६औं कृति 'बलमान र बाह्र व्यक्तित्व' लोकार्पण

**ध्रुवसागर शर्मा/हिटा**

म्याग्दी, ८ फागुन

म्याग्दीका साहित्यकार अजयमिलन श्रेष्ठद्वारा लिखित २६औं कृति 'बलमान र बाह्र व्यक्तित्व' जीवनी सङ्ग्रहको लोकार्पण गरिएको छ। ७५औं प्रजातन्त्र दिवस तथा बलमान चोचाङ्गी पुन मगरको छैटौं स्मृति दिवसको अवसरमा स्वर्गीय पुन मगरको जन्मस्थान मालिका गाउँपालिका, वडा नं. ४, च्युरीबोटमा पुस्तक लोकार्पण गरिएको हो। पुन मगर म्याग्दी जिल्लाको पहिलो राष्ट्रिय पञ्चायत सदस्य हुनुहुन्थ्यो। पुस्तकको लोकार्पण नेपाली कांग्रेस म्याग्दीका उपसभापति केबी भण्डारीले गर्नुभएको हो।

१०६ पृष्ठ रहेको उक्त पुस्तकमा बलमान पुनका साथै अन्य बाह्रजना दिवंगत व्यक्तिको जीवनी समाहित छ। पुस्तकमा पूर्वजनप्रतिनिधि, शिक्षाप्रेमी एवं समाजसेवी व्यक्तित्वहरू गोरखबहादुर थापा, जीतबहादर पुन, धनराज पहरे पुन, कुलप्रसाद छन्त्याल, शिवप्रसाद बरुवाल र भीमबहादुर घिमिरेको जीवनी समाहित छ। यसैगरी संग्रहमा नन्दबहादुर मल्ल, चकबहादुर मल्ल, शेरबहादुर शेरचन, भगवानप्रसाद श्रेष्ठ, अमृतकुमार श्रेष्ठ र बिमला गौचनको जीवनी समाहित छन्। उक्त पुस्तको प्रकाशकमा लेखक श्रेष्ठकी धर्मपत्नी सृजना श्रेष्ठ रहनुभएको छ। कार्यक्रममा बलमान र बाह्र व्यक्तित्वलाई स्मरण गर्दै उनीहरूका असल सामाजिक कार्यको चर्चा गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि केबि भण्डारीले नेपाली कांग्रेस वडा कार्यसमितिका तर्फबाट लेखक श्रेष्ठलाई प्रदान गरिएको सम्मान-पत्र हस्तान्तरण गर्नुभएको थियो। 'बलमान र बाह्र व्यक्तित्व' जीवनी संग्रहमार्फत म्याग्दीका दिवंगत पूर्वजनप्रतिनिधि, शिक्षाप्रेमी, समाजसेवी व्यक्तित्वहरूको भूमिका र योगदान जनसमक्ष ल्याए वापत लेखक अजयमिलन र प्रकाशक सिर्जना श्रेष्ठलाई सम्मान गरिएको थियो।

## नमोबुद्ध नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भकुण्डेवेशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८१/११/०९**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८१/०९/२० मा हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | बोलपत्र नं. | योजनाको नाम | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/WORK/ 2081/082-06 | Construction of Kanpur Dadagaun Hudai BP Rajmarga Sadak | श्री **HCR-PRO-KL-JV,** पोखरी नारायणस्थान, काभ्रे | रु. १,७६,७६,२९४.६९ |

प्रदेश सरकार

## खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय

कोशी प्रदेश, विराटनगर

**प्रकाशित मितिः- २०८१/११/०९**

### बोलपत्र स्वीकृति सम्बन्धि आशयको सूचना

यस मन्त्रालयबाट मिति २०८१/०८/२५ गते राष्ट्रिय दैनिक **"हिमालय टाइम्स्"** मा प्रकाशित सूचना अनुसार E-Bid मार्फत रितपूर्वक पेश भएका बोलपत्रहरु मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ (८) अनुसार तपसिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्यांकित सारभूतरुपमा प्रभावग्राही देखिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र सोहि ऐनको दफा ४७ प्रयोजनार्थ सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १. | MoWSIE-KP/DoIE/Goods /081-82/NCB-08 | Electrifications works of MoWSIE Building, Biratnagar, Morang | Rudraksha Mandala Construction and Suppliers Company, Panauti-7, Kavre | ३४,३९,०००।०० |
| २. | MoWSIE-KP/DoIE/Goods /081-82/NCB-09 | (Grid Connected Solar Irrigation Project at Keurani Lift IP, Tehrathum) | Sunbridge-Sunstar JV, Swayambhu- 15, Kathmandu | ४२,६२,६५०।०० |
| ३. | MoWSIE-KP/DoIE/Goods /081-82/NCB-10 | Procurement of Electrical Resistivity Tomography (ERT) Machine. | Inter Trade Nepal, Biratnagar- 6, Morang | १,२७,४४,०००।०० |

महाशाखा प्रमुख

## कीर्तिपुर महिला एकता बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

कीर्तिपुर नगरपालिका वडा नं. ९, नयाँबजार

### कीर्तिपुर, काठमाडौंको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

सूचना प्रकाशित मिति : २०८१।११।०९ गतेको हिमालय टाइम्स राष्ट्रिय दैनिक

यस संस्थाबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीहरुले ऋण लिँदा गरिदिएको लिखत र ऋण सम्बन्धमा सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५ तथा यसै संस्थाको स्वीकृत विनियम, २०६४ मा तोकिएका शर्त अनुसार बुझाउनुपर्ने साँवा, व्याज, जरिवानासमेत संस्थाले लिनुपर्ने रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उलंङ्घन गरेको र संस्थाबाट मौखिक एवं लिखित रूपमा पटक पटक तरताकेता गर्दासमेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्नेतर्फ कुनै तदारूकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र संस्थालाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तान गरी संस्थाको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणीलगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानीकर्तालाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जुन अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा संस्था आफैंले धितो सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल, अचल सम्पत्ति समेतबाट सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा संस्थाको विनियम, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरासमेत ऋणीलगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराइन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरूले माथि उल्लिखित समयावधिभित्र आफूले जमानत लेखिदिएको कर्जा एवं सोको व्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नुहुनेछ। सोको लागिसमेत यसै सूचनाद्धारा सूचित गराइन्छ। अन्यथा माथि उल्लेख गरिएबमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी संस्थाले आफ्नो लेना असुल उपर गर्नुका साथै सहकारी विभागबाट सहकारी संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्ने प्रक्रियासमेत अगाडि बढाउन सकिने व्यहोरा ऋणी तथा जमानतकर्ताहरूलाई जानकारी गराइन्छ।

**तपसिल**



**क. ऋणीको नाम थर : सरण महर्जन**
ठेगाना : काठमाडौं जिल्ला, कीर्तिपुर नगरपालिका वडा नं. ८
**धन जमानीकर्ताको नाम :**
ऋणीको छोरा का.जि. कीर्तिपुर न.पा. वडा नं ५ बस्ने सुमन महर्जन,
ऋणीको छोरा का.जि. कीर्तिपुर न.पा. वडा नं. ८ बस्ने सुनिल महर्जन

| रोक्का सि.नं. | रोक्का दर्ता नं. | साविक गा.वि.स./न.पा. | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल/ब.मि. | साँवा र व्याज |
|---|---|---|---|---|---|---|---|
| १. | २७३२०७८७९NL०००५२३३ | पाँगा बिष्णुदेवी/कीर्तिपुर | ३/८ | ३ | ३१७ | ०-७-०-० | १,२१,१५,३३१।- |



**ख. नाम थर : सुनिल महर्जन**
ठेगाना : जिल्ला काठमाडौं, कीर्तिपुर नगरपालिका वडा नं. ८
**धन जमानीकर्ताको नाम :**
ऋणीको श्रीमती का.जि. कीर्तिपुर न.पा. वडा नं ८ बस्ने रमिला महर्जन,
ऋणीको बुबा का.जि. कीर्तिपुर न.पा. वडा नं ८ बस्ने शरण महर्जन,
ऋणीको दाजु का.जि. कीर्तिपुर न.पा. वडा नं ५ बस्ने सुमन महर्जन

| रोक्का सि.नं. | रोक्का दर्ता नं. र मिति | साविक गा.वि.स./न.पा. | वडा नं. | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल/ब.मि. | साँवा र व्याज |
|---|---|---|---|---|---|---|---|
| १२ र २०७ | २७३२०७८७९NL०००५०१३ | पाँगा बिष्णुदेवी/कीर्तिपुर | ३/८ | ३ | २७७ | ०-८-०-० | १,८२,६१,१९७।- |

**Government of Nepal**
**Ministry of Urban Development**
**Department of Urban Development and Building Construction**
**Federal Urban Development and Building Construction Office, Kaski**

### NOTICE FOR OPENING OF FINANCIAL BID

**Date of Publication: 2081.11.09 BS**

1. In accordance to Rule 31 of Public Procurement Regulation 2064 (including amendments), this is hereby notified to all concerned bidders who bid as per our notice, published on 2081/08/23 at Himalayan Times National daily newspaper that, the list of successful bidders in technical proposal have been listed below.

| S.N. | Contract No. | Contract Name | Bidders Name | Remarks |
|---|---|---|---|---|
| 1. | FPIU/ KASKI/ NCB/ WORKS/ 081/82/54 | Road Upgrading at Tanahun District Bhanu Municipality Baaisjangar Sthaniko Than Chan-drawati Section, Road Upgrading at Bhanu Municipality 10 & 12 Baandra Laudaari Bhan-jyang Baallahari to Chandrawati Section, Road Upgrading at Bhanu 10 Raatmaata Raaipalee Bhnajyang Section, Road Upgrading at Bhanu Municipality 5 Bhagwati Rangapath Section. | M/S Ratna Shrestha Nirman Sewa, Bidur Municipality-4, Nuwakot. | |
| | | | M/S Superior Nirman Sewa Pvt. Ltd, Koteshwor, Kathmandu | |
| | | | M/S MBNS/ BNSPL/ REC JV, Bharatpur-21, Chitwan. | |
| | | | M/S Gaura Nirman Sewa, Melamchi, Sindhupalchowk. | |
| | | | M/S Rup/Om Kalika JV, Kaski. | |

2. All qualified bidders in technical bid opening are therefore, notified to send their authorized representative for financial bid opening on bids on **2081/11/18** at **13:00 Hrs** at **DUDBC, FUDBCO, Kaski.**
3. For all other details, please refer to the complete set of bidding documents at **Federal Urban Development and Building Construction Office, Kaski,** Telephone: **+977-061-453058**, mobile no.: **9847852167** and email address:- **dudbckaski2076@gmail.com** or through website **www.bolpatra.gov.np/egp**

**Office Chief**

CMYK